# चालूपुंजी कर्जा मार्गदर्शन, २०७८ को मस्यौंदाका सम्बन्धमा
# राय तथा सुझाबहरु

बिकास बैंकर्स संघ नेपाल
न्याल्मा मार्ग, घर नं. १३७, गहनापोखरी, हांडीगाउँ-५, काठमाडौं

# Contents


अनुसूची-१ २

१. प्रमुख राय/सुझावहरु २

१.१ अध्ययन समिति गठन गरी लागू गरिनु उपयुक्त हुने २

१.२ अचल सम्पत्ती पनि धितो लिन सक्ने व्यवस्था राखिनु उपयुक्त हुने २

२. अन्य राय/सुझावहरु ३

२.१ चालूपुंजी कर्जाको परिभाषा राखिनु उपयुक्त हुने ३

२.२. चालूपुंजी कर्जाको प्रकार विस्तृतमा राखिनु उपयुक्त हुने ३

२.३ साना ऋणीलाई राख्न खोजिएको चालूपुंजी कर्जाको सीमा पुनरावलोकन गरिनु उपयुक्त हुने ४

२.४ ठूला ऋणीका लागि राख्न खोजिएको चालूपुंजी कर्जाको सीमा पुनरावलोकन गरिनु उपयुक्त हुने ५

२.५ Drawing Power गणना गर्ने बिधि उल्लेख गरिनु उपयुक्त हुने ६

२.६ ठूला ऋणीबाट पनि मासिकरुपमा Current Assets Statement लिइनु उपयुक्त हुने ६

२.७ Seasonal Requirement लाई पनि सम्बोधन हुने व्यवस्था गरिनु उपयुक्त हुने ७

२.८ विवरण एकिन गर्ने जिम्मेवारी सम्बन्धित कर्मचारीलाई तोकिनु उपयुक्त हुने ७

२.९ साना कर्जा लिनका लागि लेखा परिक्षण गरिएको वित्तीय विवरण अनिवार्य नगराइनु उपयुक्त हुने ८

२.१० कर्जा सदुपयोगिता र Trend Analysis को आधारमा Working Capital Loan को सीमालाई समायोजन गरिनु उपयुक्त हुने ९

२.११ सोझै रकम निकाल्न सकिने वा अन्य खातामा ट्रान्सफर गर्न सकिने व्यवस्थाका सम्बन्धमा थप प्रष्ट पारिनु उपयुक्त हुने ९

२.१२ नवीकरण हुने प्रकृतिका सम्पूर्ण चालुपुंजी कर्जालाई शुन्य मौज्दातमा झार्ने व्यवस्था व्यवहारत लागू गर्न गाह्रो हुने १०

२.१३ Working Capital Loan को सीमा पुनरावलोकन गर्नका लागि आवश्यक्ताको विश्लेषण गरी गर्न सकिने व्यवस्था राखिनु उपयुक्त हुने ११

२.१४ कच्चा पदार्थको भुक्तानी दिएको सुनिश्चिता गर्नका लागि चालु सम्पत्ती विवरण लिंदा ऋणीबाट स्वघोषणा लिइनु उपयुक्त हुने ११

२.१५ ऋणीको कर्जा सूचना अद्यावधिक गर्नका लागि मासिकरुपमा ऋणीबाट स्व:घोषणा लिइनु उपयुक्त हुने १२

२.१६ व्याज/सांवा भुक्तानीका लागि चालूपुंजी खाता खर्च लेख्न पाइने व्यवस्था गरिनु उपयुक्त हुने १२

३. बिबिध १४

३.१ चालूसम्पत्तीको परिभाषा दिइनु उपयुक्त हुने १४

३.२ चालूसम्पत्तीको निरीक्षण गर्ने सम्बन्धमा व्याख्या गरिनु उपयुक्त हुने १४

३.३ Drawing Power गणना गर्दा नपुगेमा कस्तो कस्तो Action लिन भन्ने बिषय समेटिनु उपयुक्त हुने १४

# अनुसूची-१

| १. प्रमुख राय/सुझाबहरु | |
|---|---|
| **१.१ अध्ययन समिति गठन गरी लागू गरिनु उपयुक्त हुने** | |
| **सन्दर्भ बुंदा** | नभएको |
| **प्रस्तावित व्यवस्था** | नभएको |
| **पार्ने प्रभाव /अस्पष्टता भएको बिषय** | चालुपुंजी कर्जा सम्बन्धी मार्गदर्शन आउनु प्रशसंसनीय कार्य भएको । तर, यस्लाई गहन अध्ययन नगरी लागू गर्दा यस्ले पार्ने प्रभाव ठूलो हुन सक्ने |
| **राय / सुझाब** | 1. नेपाल राष्ट्र बैंकका अधिकारीहरुका अतिरिक्त व्यवहार मै लागू गर्ने बैंक तथा संस्थाका प्रतिनिधी तथा बैंकिङ् विशेषज्ञहरु सम्मिलित एक अध्ययन समिति गठन गरी उक्त समितिले शिफारिस गरेको सुझाबहरुका आधारमा मार्गदर्शन जारी गरिदा व्यवहारिक पनि हुने र पछि लागू गर्दा Hiccup पनि कम आउन सक्ने संभावना रहने,<br>2. बिगतमा पनि नेपाल राष्ट्रले महत्वपूर्ण बिषय लागू गर्दा बैंकिङ् प्रतिनिधी सम्मिलित समिति गठन गर्ने गरेको दृष्टान्त भएको (उदाहरणका लागि बासेल कार्यान्वयन),<br>3. छिमेकी देश भारतमा पनि यस्ता बिषयमा समिति गठन गरी लागू गर्ने प्रचलन रहेको । (उदाहरणका लागि Tandon Committee) । |
| **१.२ अचल सम्पत्ती पनि धितो लिन सक्ने व्यवस्था राखिनु उपयुक्त हुने** | |
| **सन्दर्भ बुंदा** | ५.३ |
| **प्रस्तावित व्यवस्था** | चालूपुँजी कर्जाको लागि चल सम्पत्ति बाहेक अन्य कुनै पनि प्रकारको स्थिर र/वा अचल सम्पत्ति (जस्तै: घर, जग्गा आदि) सुरक्षण आवश्यक नहुने । |
| **पार्ने प्रभाव /अस्पष्टता भएको बिषय** | 1. बिकास बैंक र फाइनान्स कम्पनीहरुले हाइपोथिकेशन गरी कर्जा प्रवाह गर्न पाउदैनन् । तसर्थ, स्थिर सम्पत्तीले नै कर्जालाई सुरक्षित गर्नुपर्ने हुन्छ । बिकास बैंक र फाइनान्स कम्पनीको व्याजदर पनि High Cost of Fund का कारण |

| | |
|---|---|
| | तुलनात्मकरुपमा केहि महंगो पनि हुन्छ । तसर्थ, कर्जा Retain गर्न बिकास बैंक र फाइनान्स कम्पनीहरुलाई गाह्रो पर्ने,<br>2. जोखिम प्रयोग गर्ने औंजार पनि प्रयोग गर्न नपाइने अबस्था सिर्जना हुने । |
| **राय / सुझाब** | 1. अचल सम्पत्ती धितो लिनुपर्ने अनिवार्यता नहुने वा बैंक तथा वित्तीय संस्थाले कर्जा जोखिमका आधारमा आवश्यक्ता अनुसार अचल सम्पत्ती धितो पनि लिन सक्नेछन् भन्ने व्यवस्था राखिनु उपयुक्त हुने ।<br>2. यसो गर्दा बिकास बैंक र फाइनान्स कम्पनीको व्यवसाय कायम पनि रहने र बैंकहरु जोखिमको आधारमा कर्जालाई थप सुरक्षित गर्नका लागि अन्य स्थिर सम्पत्ती धितो लिन सक्ने । |
| **२. अन्य राय/सुझाबहरु** | |
| **२.१ चालूपुंजी कर्जाको परिभाषा राखिनु उपयुक्त हुने** | |
| **सन्दर्भ बुंदा** | नभएको |
| **प्रस्तावित व्यवस्था** | नभएको |
| **पार्ने प्रभाव /अस्पष्टता भएको बिषय** | सर्वसाधारण सबैलाई यस सम्बन्धमा जानकारी नहुने |
| **राय / सुझाब** | चालुपुंजी कर्जाको परिभाषा दिंदा बैंकर बाहेक अन्य सर्वसाधारणलाई पनि जानकारी हुने भएकाले । |
| **२.२. चालूपुंजी कर्जाको प्रकार विस्तृतमा राखिनु उपयुक्त हुने** | |
| **सन्दर्भ बुंदा** | अनुसूची-१ |
| **प्रस्तावित व्यवस्था** | चालुपुंजी कर्जाका सम्बन्धमा निम्न व्याख्या भएको:<br>1. … … क्यास क्रेडिटलाई नविकरणयोग्य कर्जा मानिने (क)<br>2. … … एकमुष्ट भुक्तानी हुने गरी प्रदान गर्ने अल्पकालीन कर्जा भनिएको (ख)<br>3. Proforma Invoice मा उल्लेखित रकमको सीमासम्मको रकम भुक्तानी गर्ने प्रयोजनका लागि प्रदान गरिने आयात निर्यातसँग सम्बन्धित कर्जा (ग) |

| | |
|---|---|
| **पार्ने प्रभाव /अस्पष्टता भएको बिषय** | 1. नवीकरणयोग्य मानिने कर्जा क्यास क्रेडिलाई मात्र मानिने र Permanent Working Capital Need लाई कम्तीमा पाँच वर्ष अवधिको आवधिक कर्जा प्रदान गर्ने पनि भनिएकाले अष्पष्टता निम्त्याउन सक्ने /व्यवहारत लागू गर्न गाह्रो हुन सक्ने,<br>2. Proforma Invoice का अतिरिक्त अन्य कागजातलाई पनि आधार बनाइनु उपयुक्त हुने । |
| **राय / सुझाब** | 1. चालूपुंजीका प्रकारलाई बृहतरुपमा उल्लेख गरि ती सबैको परिभाषा दिइनु उपयुक्त हुने । अहिले बैंकिङ्ग क्षेत्रमा निम्न प्रडक्टहरु सामान्यतया चलन चल्तीमा रहेको:<br>• Overdraft<br>• Cash Credit<br>• Demand Loan<br>• Short-Term Loan<br>• Temporary Overdraft<br>• Trust Receipt Loan / Import Loan<br>• Export Credit (Pre-shipment / Post Shipment Loan), etc.<br>2. Proforma Invoice, Purchase /Pales Contract प्रयोजनका लागि लिइने कागजात भएको र कर्जा प्रवाहका लागि वास्तविकरुप मै सामान बिक्री भइसके पछि जारी गरिने Commercial Invoice / Bills of Exchange समेतलाई आधार बनाइनु उपयुक्त हुने । |
| **२.३ साना ऋणीलाई राख्न खोजिएको चालूपुंजी कर्जाको सीमा पुनरावलोकन गरिनु उपयुक्त हुने** | |
| **सन्दर्भ बुंदा** | ३.१ |
| **प्रस्तावित व्यवस्था** | रु.१ करोड वा सोभन्दा कम रकमको चालूपुँजी कर्जाको सीमा वार्षिक अनुमानित कारोबार/बिक्रीको अधिकतम २० प्रतिशतले हुन आउने रकमसम्म मात्र हुने |
| **पार्ने प्रभाव /अस्पष्टता भएको बिषय** | 1. व्यवसायको प्रकृति अनुसार चालूपुंजी कर्जाको आवश्यक्ता फरक फरक हुन सक्ने,<br>2. उदाहरणका लागि Fast Moving Items र Slow Moving Items को व्यवसायका लागि फरक-फरक सीमाको चालूपुंजीको आवश्यक्ता पर्ने,<br>3. त्यसैले, सबै खाले व्यवसायलाई कारोबार/बिक्रीको अधिकतम २० प्रतिशत सीमा राख्दा अपुग हुन सक्ने, |

| | |
|---|---|
| | 4. यस्तो व्यवस्थाले बैंकिङ् प्रणालीमा बैंकहरुले दु:ख गरेर ल्याएका ग्राहक अनौपचारिक क्षेत्रमा फर्कन सक्ने संभावना बढ्ने र यस्ले बैंकिङ् प्रणालीलाई नै हानी गर्न सक्ने । |
| **राय / सुझाब** | 1. चालुपुंजी कर्जाको सीमा Net Trading Current Assets र Net Working Capital Cycle Days का आधारमा निर्धारित गरिनु उपयुक्त हुने,<br>2. Current Assets कम राख्ने सेवा व्यवसायसंग सम्बन्धित फर्म/कम्पनीलाई मात्र यस्तो व्यवस्था गरिनु उपयुक्त हुने,<br>3. रु ५० लाखसम्मको कर्जा लिने ग्राहकलाई सहज किसिमको चालुपुंजी कर्जा आवश्यक्ता निर्धारण गर्ने प्रणालीको बिकास गरिनु उपयुक्त हुने, जस्ले गर्दा अनौपचारिक क्षेत्रबाट बैंकिङ् प्रणालीमा आउने ग्राहक बढ्न सक्ने । |
| **२.४ ठूला ऋणीका लागि राख्न खोजिएको चालूपुंजी कर्जाको सीमा पुनरावलोकन गरिनु उपयुक्त हुने** | |
| **सन्दर्भ बुंदा** | ३.२ |
| **प्रस्तावित व्यवस्था** | 1. Permanent Working Capital Need र Temporary/Fluctuating Working Capital Need को पहिचान गर्नुपर्ने,<br>2. Fluctuating Working Capital Need को लागि वार्षिक अनुमानित कारोवार/बिक्रीको अधिकतम २० प्रतिशतको सीमा राख्ने,<br>3. Permanent Working Capital Loan कम्तीमा ५ वर्ष भित्रमा चुक्ता गर्नुपर्ने |
| **पार्ने प्रभाव /अस्पष्टता भएको बिषय** | 1. Permanent Working Capital Need र Temporary/Fluctuating Working Capital Need को अनुपात व्यवसायको प्रकृति अनुसार फरक पर्ने,<br>2. Permanent Working Capital Loan कम्तीमा ५ वर्ष भित्रमा चुक्ता गर्नका लागि आधार उल्लेख नभएको । यो व्यवसायको प्रकृति, फर्म/कम्पनीको नगद प्रवाहका आधारमा फरक पर्ने,<br>3. वास्तविकता नबुझी Permanent Working Capital Need र Temporary/Fluctuating Working Capital Need को सीमा निर्धारण गरिएमा यस्ले सहजरुपमा व्यवसाय संचालन गर्नमा नै अबरोध पुर्‍याउन सक्ने,<br>4. Permanent Working Capital Loan को किस्ता तिर्ने Frequency को बारेमा स्पष्टता नभएको,<br>5. Permanent Working Capital Loan कर्जाको किस्ता चुक्ता गरेपछि Working Capital Loan लाई कसरी Replenish गर्ने भन्ने स्पष्टता नभएको, |

| | |
|---|---|
| | 6. स्वत: Replenish गर्ने व्यवस्था गरिएमा धेरैवटा कर्जा भइ व्यवस्थापन र नियन्त्रण गर्न झण्झट हुने । |
| **राय / सुझाब** | 1. Permanent Working Capital Need र Temporary/Fluctuating Working Capital Need को अनुपात निर्धारण गर्ने कार्य सम्बन्धित बैंक तथा वित्तीय संस्थालाई दिइनु उपयुक्त हुने,<br>2. Permanent Working Capital Loan चुक्ता गर्नका लागि दिइने समय पनि सम्बन्धित बैंक तथा वित्तीय संस्थाले नगद प्रवाहको विश्लेषण गरेर निर्धारण गर्न दिइनु उपयुक्त हुने,<br>3. आम्दानी /नगद प्रवाहको आधारमा निर्धारण गर्दा यो ५ बर्ष मात्र होइन, आवश्यक्ता अनुसार १० बर्ष /१५ बर्षको पनि हुन सक्ने । |
| **२.५ Drawing Power गणना गर्ने बिधि उल्लेख गरिनु उपयुक्त हुने** | |
| **सन्दर्भ बुंदा** | ३.२ (च) |
| **प्रस्तावित व्यवस्था** | Drawing Power को विश्लेषण गर्नुपर्ने |
| **पार्ने प्रभाव /अस्पष्टता भएको बिषय** | Drawing Power गणना गर्ने बिधि उल्लेख नभएकाले बैंक तथा वित्तीय संस्थाबीच एकरुपता नहुन सक्ने । |
| **राय / सुझाब** | एकरुपताका लागि Drawing Power गणना गर्ने बिधि उल्लेख गरिनु उपयुक्त हुने |
| **२.६ ठूला ऋणीबाट पनि मासिकरुपमा Current Assets Statement लिइनु उपयुक्त हुने** | |
| **सन्दर्भ बुंदा** | ६.४ (ग) |
| **प्रस्तावित व्यवस्था** | रु.५ करोडभन्दा बढी चालूपुँजी कर्जाको हकमा अर्धवार्षिक रुपमा स्वतन्त्र लेखापरीक्षकबाट प्रमाणित विवरण लिने |
| **पार्ने प्रभाव /अस्पष्टता भएको बिषय** | 1. ६ महिनामा एक पटक मात्र लिने र मासिकरुपमा यस्तो विवरण नलिदा यो बीचमा कर्जामा कुनै Early Warning Signals आएमा बैंकलाई थाहा नहुने र ऋणीलाई पनि उत्तरदायित्व कम महसूस हुन सक्ने ।<br>2. त्रैमासिकरुपमा निरिक्षण गर्नका लागि चालु सम्पत्तीको विवरण बैंक तथा वित्तीय संस्थासंग नहुने । |

| | |
|---|---|
| **राय / सुझाव** | कर्जालाई अनुगमन गर्न र ऋणीलाई पनि उत्तरदायी बनाइ राख्न मासिकरुपमा व्यवस्थापनबाट प्रमाणित विवरण लिनुपर्ने व्यवस्था राखिनु उपयुक्त हुने |
| **२.७ Seasonal Requirement लाई पनि सम्बोधन हुने व्यवस्था गरिनु उपयुक्त हुने** | |
| **सन्दर्भ बुंदा** | ७.२ |
| **प्रस्तावित व्यवस्था** | एकपटक अनुमानित विवरण विश्लेषण गरी कर्जा स्वीकृत गरेपश्चात लेखापरीक्षण भएको वित्तीय विवरण प्राप्त नभएसम्म पुनः अर्को अनुमानित वित्तीय विवरणको आधारमा कर्जा सीमा पुनरावलोकन गर्न नपाइने |
| **पार्ने प्रभाव /अस्पष्टता भएको बिषय** | 1. यस्तो व्यवस्थाले फर्म /कम्पनीलाई कर्जा आवश्यक नभएको अबस्थामा पनि कर्जा स्वीकृत गराइ कर्जा अन्य प्रयोजनमा प्रयोग गर्न सक्ने संभावनालाई नयूनीकरण सहयोग गर्न सक्ने,<br>2. तर, कुनै-कुनै फर्म /कम्पनीको व्यवसायको प्रकृति अनुसार Seasonal Requirement पूरा गर्नका लागि कर्जा आवश्यक पर्ने अबस्थामा कर्जा नपाइने भएकाले अप्ठ्यारो पर्न सक्ने । |
| **राय / सुझाव** | 1. फर्म /कम्पनीको आवश्यक्ताको अबस्था हेरि कर्जा स्वीकृत गर्न सक्ने व्यवस्था गरिनु उपयुक्त हुने,<br>2. उदाहरणका लागि Check and Balance होस् भन्ने उद्देश्यले कर्जा स्वीकृत गर्ने भन्दा एक तह माथिको अधिकारीबाट कर्जा स्वीकृत गराइनु पर्ने प्राबधान राखिनु उपयुक्त हुने । |
| **२.८ विवरण एकिन गर्ने जिम्मेवारी सम्बन्धित कर्मचारीलाई तोकिनु उपयुक्त हुने** | |
| **सन्दर्भ बुंदा** | ७.३ |
| **प्रस्तावित व्यवस्था** | अनुमानित वित्तीय विवरण, लेखापरीक्षण भएको वित्तीय विवरण र कर चुक्ता विवरण एक आपसमा मेल खाए नखाएको तथा यथार्थपरक भए नभएको सम्बन्धमा विश्लेषण गरी कर्जा स्वीकृत गर्ने अधिकारीले प्रमाणित गरी कर्जा फाइलमा अद्यावधिक गर्ने |
| **पार्ने प्रभाव /अस्पष्टता भएको बिषय** | 1. Job को प्रकृति अनुसार यस्तो कार्य गर्ने जिम्मेवारी सम्बन्धित सम्बन्ध प्रबन्धकको हुने,<br>2. कर्जा स्वीकृत गर्ने अधिकारीलाई यस्तो प्रशासनिक कार्यको जिम्मेवारी तोकिनु अव्यवहारिक हुने, |

| | |
|---|---|
| | |
| **राय / सुझाब** | 1. "प्रमाणित" गर्ने भन्नु भन्दा विश्लेषण गरी /तुलना गरी र ..... प्रतिशत भन्दा बढीको Negative variance आएमा ग्राहकसंग लिखित पत्राचार गरी वास्तविकता बुझी "एकीन" गरी फाइलमा राख्नु पर्ने भनिनु उपयुक्त हुने<br>2. "एकीन" गर्ने कार्य कर्जा स्वीकृत गर्ने अधिकारीलाई भन्दा सम्बन्धित सम्बन्ध प्रबन्धक /शाखा प्रबन्धकलाई तोकिनु उपयुक्त हुने,<br>3. Variance को लागि Tolerance तोकिनु उपयुक्त हुने (उदाहरणका लागि १० प्रतिशतसम्म),<br>4. यस्तो Variance प्रतिवेदन शाखाले मासिक /त्रैमासिकरुपमा कर्जा प्रमुखलाई पेश गर्नुपर्ने व्यवस्था गरिनु उपयुक्त हुने,<br>5. Credit Risk Management Department (Credit Risk Approval/Sanctioning Department होइन) ले उक्त प्रतिवेदनलाई जोखिम अनुगमन /अनुसंधानको एक अभिन्न अङ्ग बनाउनु पर्ने व्यवस्था गरिनु थप प्रभावकारी हुने,<br>6. बैंक तथा वित्तीय संस्थाबीच एकरुपताका लागि यस्तो Variance विश्लेषण गर्ने Excel Sheet Format Prescribe गरिनु उपयुक्त हुने । |
| **२.९ साना कर्जा लिनका लागि लेखा परिक्षण गरिएको वित्तीय विवरण अनिवार्य नगराइनु उपयुक्त हुने** | |
| **सन्दर्भ बुंदा** | ७.४ |
| **प्रस्तावित व्यवस्था** | लेखापरीक्षण भएको यथार्थ वित्तीय विवरण प्राप्त भएपश्चात सो विवरण सोही अवधिको अनुमानित विवरणसँग भिडाई Variance Analysis गर्नुपर्ने |
| **पार्ने प्रभाव /अस्पष्टता भएको बिषय** | साना फर्म /कम्पनीलाई कर्जा लिनका लागि पनि लेखा परिक्षण गरिएको वित्तीय विवरण लिनु पर्ने बाध्यात्मक व्यवस्था गर्दा त्यस्ता ग्राहक अनौंपचारिक क्षेत्र तर्फ आकर्षित हुन सक्ने, |
| **राय / सुझाब** | आयकर ऐनले पनि रु १ करोड सम्मको कारोवार गर्ने फर्म /कम्पनीलाई आय विवरण (आय विवरण डे-१ र डे-२) भर्न सक्ने व्यवस्था गरेकाले यस्ता साना फर्म /कम्पनीलाइ लेखापरिक्षण अनिवार्य नगराइनु उपयुक्त हुने । |

| २.१० कर्जा सदुपयोगिता र Trend Analysis को आधारमा Working Capital Loan को सीमालाई समायोजन गरिनु उपयुक्त हुने | |
|---|---|
| **सन्दर्भ बुंदा** | ७.६ |
| **प्रस्तावित व्यवस्था** | यथार्थ कारोबार रकम अनुमानित कारोबारभन्दा २० प्रतिशत वा सोभन्दा बढीले कम भएको पाइएमा ग्राहकको चालूपुँजी कर्जाको सीमा तोकिए बमोजिम समायोजन गर्नुपर्ने । |
| **पार्ने प्रभाव /अस्पष्टता भएको बिषय** | 1. कहिलेकांही आफ्नो नियन्त्रण भन्दा बाहिरको कारणबाट पनि अनुमान गरे अनुसार यथार्थ कारोवार नहुन सक्ने,<br>2. तर, अर्को बर्षमा परिस्थिति अनुकुल भएमा कारोवार बढ्न सक्ने र कर्जाको आवश्यक्ता पनि बढ्न सक्ने,<br>3. एक बर्षमा अनुमानित कारोवार हासिल गर्न नसकेको भन्दैमा कर्जा सीमा घटाउन उपयुक्त नहुने । |
| **राय / सुझाब** | 1. कर्जा सीमा घटाउनका लागि १ बर्षलाई मात्र आधार बनाइनु भन्दा Trend Analysis गरिनु उपयुक्त हुने (उदाहरणका लागि ३ बर्षको),<br>2. Trend Analysis गर्दा कारोवार सदैव कम गरेको पाइएमा सीमा घटाइनु उपयुक्त हुने,<br>3. कर्जा सदुपयोगिता भएको छैन भने र Drawing Power कायम गरेको छैन भने मात्र सीमा घटाइनु उपयुक्त हुने,<br>4. सदुपयोगिता जांच गर्दा कर्जा अन्यत्र प्रयोग गरेको पाइएमा कर्जा सीमा घटाउने मात्र होइन पूरै कर्जा असुल उपर गर्न र प्रचलित कानुन अनुसार कारवाही गर्ने प्रकृया थाल्नु पर्ने व्यवस्था राखिनु उपयुक्त हुने । |
| **२.११ सोझै रकम निकाल्न सकिने वा अन्य खातामा ट्रान्सफर गर्न सकिने व्यवस्थाका सम्बन्धमा थप प्रष्ट पारिनु उपयुक्त हुने** | |
| **सन्दर्भ बुंदा** | ८.२ |

| | |
|---|---|
| **प्रस्तावित व्यवस्था** | मासिक रुपमा कर्जा सीमाको दुई प्रतिशतभन्दा बढी रकम सोझै वा अन्य खातामा रकमान्तर गरेर नगद झिक्न नपाइने |
| **पार्ने प्रभाव /अस्पष्टता भएको बिषय** | 1. अन्य खाता भनेको के हो त्यस्को परिभाषा नदिइदा झन् कर्जा अन्य ठाउंमा प्रयोग गर्न दिनका लागि प्रोत्साहित गरे जस्तो देखिने,<br>2. प्रयोजन प्रष्ट परिभाषित नगरिदा मासिक २ प्रतिशत रकम पनि बढी हुन सक्ने,<br>3. उदाहरणका लागि रु १ करोडको कर्जा सीमा रहेछ भने १ बर्षमा २४ लाख ( २४ प्रतिशत) कर्जा सोझै निकाल्न सकिने वा अन्य खातामा ट्रान्सफर गर्न सकिने) ! |
| **राय / सुझाब** | 1. उदाहरण सहित अन्य खाताको परिभाषा दिइनु उपयुक्त हुने,<br>2. सोझै निकाल्न सकिने रकम प्रयोजन के-के का लागि हुन सक्छ, त्यस्को व्याख्या गरिनु उपयुक्त हुने । |
| **२.१२ नवीकरण हुने प्रकृतिका सम्पूर्ण चालुपुंजी कर्जालाई शुन्य मौज्दातमा झार्ने व्यवस्था व्यवहारत लागू गर्न गाह्रो हुने** | |
| **सन्दर्भ बुंदा** | ८.४ |
| **प्रस्तावित व्यवस्था** | नवीकरण हुने प्रकृतिका सम्पुर्ण चालूपुँजी कर्जा खाता आर्थिक वर्षको कुनै एक समयमा उद्योग/व्यवसायको प्रकृति अनुसार कम्तीमा लगातार ७ दिन शून्य मौज्दातमा झार्ने । |
| **पार्ने प्रभाव /अस्पष्टता भएको बिषय** | 1. चालुपुंजी कर्जा चालु सम्पत्तीमा लगानी भएर बस्ने भएकाले एक बर्षमा लगातार ७ दिन शून्य मौज्दातमा झार्न व्यवहारत कठिनाइ हुने । यसो गरिएमा व्यवसाय संचालनमै अबरुद्धता आउने,<br>2. बिकसित देशमा यस्तो प्रचलन बिगतमा भए पनि अहिले हट्दै गएको । |
| **राय / सुझाब** | 1. चालुपुंजी कर्जाको सदुपयोगिता सुनिश्चत गर्न बिक्री कारोवार विवरण अनुसारको Sales Proceeds बैंक खातामा जम्मा गरेको छ छैन भनेर अनुगमन गरिनु उपयुक्त हुने,<br>2. बिक्री कारोवार र Debtors को आधारमा बैंकको Operative Working Capital Loan Account मा रकम जम्मा नभएमा कर्जा बिक्री रकम अन्यत्र प्रयोग भएको |

| | |
|---|---|
| | हुन सक्ने भएकाले Accounts Movements लाई विश्लेषण गरिनु /अनुगमन गरिनु पर्ने व्यवस्था राखिनु उपयुक्त हुने,<br>3. औषत कर्जा उपयोग रकम गणना गरी विश्लेषण गर्ने, बिक्री रकम जम्मा गर्ने खाताको क्रेडिट साइडमा भएका जम्मा कारोवार संख्या, त्यगचलयखभच ब्यगलतक आदिको विश्लेषण गरी सदुपयोगिता जांच गर्दा व्यवहारिक हुने,<br>4. कुनै ऋणीले कर्जा ७ दिनसम्म शुन्यमा झारे पनि Credit Turnover सन्तोषजनक रहेनछ भने बास्तविक कारोवारको Reflection नहुन सक्ने । |

### २.१३ Working Capital Loan को सीमा पुनरावलोकन गर्नका लागि आवश्यक्ताको विश्लेषण गरी गर्न सकिने व्यवस्था राखिनु उपयुक्त हुने

| | |
|---|---|
| **सन्दर्भ बुंदा** | १०.४ |
| **प्रस्तावित व्यवस्था** | कुनै पनि कारणले चालूपुँजी कर्जा स्वीकृत भएको ६ महिनाभित्र सीमा पुनरावलोकन गर्न नपाइने । |
| **पार्ने प्रभाव /अस्पष्टता भएको बिषय** | 1. यथार्थरुपमै व्यवसायलाई आवश्यक्ता पर्दा यस्तो प्रावधानले अप्ठ्यारो पार्ने,<br>2. उदाहरणका लागि कुनै ठूलो परिमाणको खरिद आदेश प्राप्त भएमा, आपूर्तिकर्ताबाट आकर्षक Cash Discount को प्रस्ताब आएमा, कुनै नयां बजार क्षेत्रको पहिचान भइ आपूर्ति बढाउनु पर्ने भएमा आदि । |
| **राय / सुझाब** | 1. आवश्यक्ताको विश्लेषण गरी पुनरावलोकन गर्न सकिने व्यवस्था राखिनु उपयुक्त हुने,<br>2. नियन्त्रणका लागि ६ महिना भन्दा कम अबधिमा पुनरावलोकन भएका कर्जा फाइलहरु Sample Basis मा कर्जा जोखिम व्यवस्थापन विभागले अध्ययन गर्ने व्यवस्था राखिनु उपयुक्त हुने । |

### २.१४ कच्चा पदार्थको भुक्तानी दिएको सुनिश्चिता गर्नका लागि चालु सम्पत्ती विवरण लिंदा ऋणीबाट स्वघोषणा लिइनु उपयुक्त हुने

| | |
|---|---|
| **सन्दर्भ बुंदा** | १०.५ |

| | |
|---|---|
| | |
| **प्रस्तावित व्यवस्था** | ऋणीले निर्धारित शर्तअनुसार कच्चा पदार्थको भुक्तानी नदिएको पाइएमा बैंक तथा वित्तीय संस्थाले त्यस्तो भुक्तानी हुन बाँकी कच्चा पदार्थलाई चालू सम्पत्तिको रुपमा गणना गर्न नपाइने । |
| **पार्ने प्रभाव /अस्पष्टता भएको बिषय** | Drawing Power गणना गर्दा Creditors लाई घटाउने प्राबधान हुने भएकाले यो स्वत: नियन्त्रण हुने । |
| **राय / सुझाब** | कुनै ऋणीले त्यस्तो विवरण नदेखाइ बढी खुद् चालु सम्पत्ती देखाउन सक्ने हुनाले त्यस्ता कार्य नियन्त्रण गर्नका लागि मासिकरुपमा Current Assets Statement लिंदा नै ऋणीबाट स्वघोषणा लिइनु उपयुक्त हुने । |
| **२.१५ ऋणीको कर्जा सूचना अद्यावधिक गर्नका लागि मासिकरुपमा ऋणीबाट स्व:घोषणा लिइनु उपयुक्त हुने** | |
| **सन्दर्भ बुंदा** | १०.९ |
| **प्रस्तावित व्यवस्था** | ऋणीको कर्जा सूचना लिई समग्र बैंकिङ प्रणालीबाट उपयोग भएको कर्जासम्बन्धी विवरण यकीन गरी मासिक रुपमा अद्यावधिक गर्नुपर्ने । |
| **पार्ने प्रभाव /अस्पष्टता भएको बिषय** | मासिक रुपमा  कर्जा सूचना केन्द्र लि.बाट कर्जा सूचना लिदा ऋणीको खर्च बढ्ने भएकाले ऋणीहरुबाट बिरोध आए पछि यो प्राबधान हटाइन सक्ने संभावना रहेको । |
| **राय / सुझाब** | मासिक रुपमा ऋणीबाट चालु सम्पत्ती विवरण लिने समयमा स्व:घोषणा लिएर फाइलमा राख्नु पर्ने र उक्त विवरण फरक परेमा कानुन अनुसार सहुंला बुझाउला भन्ने व्यवस्था राख्न उपयुक्त हुने । |
| **२.१६ व्याज/सांवा भुक्तानीका लागि चालूपुंजी खाता खर्च लेख्न पाइने व्यवस्था गरिनु उपयुक्त हुने** | |
| **सन्दर्भ बुंदा** | १०.१२ |
| **प्रस्तावित व्यवस्था** | कर्जाको ब्याज/साँवा भुक्तानीको लागी चालूपुँजी खाता खर्च गरी असूल गर्न नपाइने । |

| | |
|---|---|
| **पार्ने प्रभाव /अस्पष्टता भएको बिषय** | 1. केहि चालुपुंजी खाता Operative Nature को हुने गर्दछ । उदाहरणका लागि Overdraft । ऋणीले बिक्रीबाट प्राप्त रकम यसै खातामा जम्मा गरेको हुन्छ । उक्त खाता खर्च लेखि सांवा व्याज तिर्न नपाइने भन्ने व्यवहारिक नहुने,<br>2. यस्ले गर्दा ग्राहकले रकम अन्य प्रयोजनमा प्रयोग गर्न सक्ने संभावना बढ्ने,<br>3. ऋणीको अनुमानित कारोवारका आधारमा यथार्थ कारोवारको अनुगमन गर्न असजिलो हुने,<br>4. ऋणीले बिक्री रकम Overdraft (कतिपय बैंकले Cash Credit का लागि पनि चेकबुक दिने चलन रहेको छ) खातामा जम्मा गर्दा, उस्को व्याज खर्च घट्थ्यो । तर, यसो नगरेमा झन् व्याज खर्च बढ्ने संभावना रहने,<br>5. ऋणीले व्याज/सांवा अर्को खाता खोल्नु पर्ने बाध्यता हुने । |
| **राय / सुझाब** | 1. बिक्री रकम जम्मा हुने खाताबाट व्याज/सांवा भुक्तानीका लागि खर्च लेख्न सक्ने व्यवस्था गरिनु उपयुक्त हुने,<br>2. त्यस्तो खाता भए पछि थप चल्ती खाता खोल्नलाई भने रोक लगाउने बैंकिङ् प्रचलन भने भएको । उदाहरणका लागि रिजर्व बैंक अफ इण्डियाले Overdraft र Cash Credit भएका ग्राहकले सबै कारोवार उक्त खाताबाट गर्नु पर्दछ भनेको र अन्य खाता खोल्न पाइने छैन भनेको । [1]<br>3. सीमा नाघ्ने गरी Overdraft खाता Overdrawn गरी सांवा/व्याज लिन नपाइने व्यवस्था एकीकृत निर्देशिकाले नै गरेको । [2] |

[1] RBI/2020-21/20 /DOR.No.BP.BC/7/21.04.048/2020-21/August 6, 2020
[2] Points No. 6, Unified Directives No. 2, issued by NRB in 2078

| |
|---|
| **३. बिबिध**<br>बैंकहरुबीच एकरुपता कायम गर्नका लागि निम्न बिषयहरु पनि सम्बोधन हुनु उपयुक्त देखिन्छ। यसो गर्दा बैंकिङ् उद्योगमा एकरुपता पनि कायम हुने देखिन्छ: |
| **३.१ चालूसम्पत्तीको परिभाषा दिइनु उपयुक्त हुने** |
| Drawing Power गणना गर्ने प्रयोजनका लागि कुन कुन चालु सम्पत्ती गणना गर्न पाइन्छ, कुन कुन पाइदैन, Expiry dates of Stocks कसरी Verify गर्ने, Receivables को Aging का आधारमा कति समयसम्मको लाई गणना गर्ने प्रयोजनलाई लिने आदि व्याख्या गरिनु उपयुक्त हुने। |
| **३.२ चालूसम्पत्तीको निरीक्षण गर्ने सम्बन्धमा व्याख्या गरिनु उपयुक्त हुने** |
| चालु सम्पत्तीको निरीक्षण कसरी गर्ने, के के कुरामा ध्यान दिने, निरीक्षण प्रतिवेदनमा के के कुरा समेट्ने, निरक्षण पश्चात के कस्तो Action लिने आदि पक्ष समेटिनु उपयुक्त हुने। |
| **३.३ Drawing Power गणना गर्दा नपुगेमा कस्तो कस्तो Action लिन भन्ने बिषय समेटिनु उपयुक्त हुने** |
| Drawing Power गणना गर्दा नपुगेमा बैंकले कस्ता कस्ता कारवाही अगाडि बढाउनु पर्दछ भन्ने कुरा उल्लेख गरिनु उपयुक्त हुने। |